नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आन्तरिक व्यवस्थापन शाखा

☎ ४२००२८७
४२००५०५
सिंहदरवार

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. ०७५/७६
च.नं. ४८८

## सूचना ! सूचना ! सूचना !

यस मन्त्रालयमा आ.व. २०७५/७६ को लागि आवश्यक मसलन्द, छपाई तथा अन्य सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्न मिति २०७५/०६/११ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम तपशिल बमोजिमको शर्तहरु पुरा गर्न सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

तपशिल

१. बोलपत्र भर्दा भ्याट बाहेक प्रति इकाई मूल्यमा उल्लेख गर्नु पर्नेछ ।

२. बोलपत्र अंक अक्षर दुवैमा उल्लेख गरी भर्नु पर्नेछ अंक र अक्षर बीचमा फरक भए अक्षरलाई मान्यता दिइने छ ।

३. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम वापत नगदै रु.३०००।– (फिर्ता नहुने गरी) यस मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखा (जिन्सी) बाट प्राप्त गर्न सकिनेछ ।

४. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले शिलबन्दी बोलपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति,

(घ) आ.व. २०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, र

(ङ) बोलपत्रदाता फर्म/कम्पनीको Power Attorney Letter ।

५. शिलबन्दी बोलपत्र दर्ता गर्दा फर्म, कम्पनी वा संस्थाले शिलबन्दी बोलपत्रसाथ रु.१,६०,०००।– (एक लाख साठी हजार) कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको नाममा एभरेष्ट बैक लि., सिंहदरवार शाखाको खाता नं. १३५००१ मा जम्मा गरेको बैक भौचर वा सो बरावर नेपाल सरकारको मान्यता प्राप्त 'क' वर्गको बैकको १२० दिन अवधिको विडवण्ड बैक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

६. दर्ता गर्न ल्याएको बोलपत्र खामभा मन्त्रालयलाई सम्वोधन गरी सोमा पछिसम्म फरक नपर्ने गरी बोलपत्रदाताको नाम, ठेगाना, घर नं., टोल तथा टेलिफोन नम्बर, मोबाइल नम्बर समेत प्रष्ट लेखी शिलबन्दी गरिएको हुनु पर्नेछ ।

अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## आन्तरिक व्यवस्थापन शाखा

☎ ४२००२८७
४२००५०५
सिंहदरबार

प.सं. ०७५/७६
च.नं. ४८८

७. सूचना प्रकाशित भएको मितिको ३१ औ दिन दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र आन्तरिक व्यवस्थापन शाखामा बुझाई सक्नु पर्नेछ ।

८. मन्त्रालयले बिक्री गरेको सक्कलै बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।अन्यथा मान्य हुने छैन ।

९. शिलबन्दी बोलपत्रदाताले बोलपत्रको प्रत्येक पानामा दस्तखत गरी आफ्नो फर्मको छाप लगाएको हुनु पर्नेछ ।

१०. सार्वजनिक सूचना प्रकाशित भएको मितिको ३१ औ दिनमा शिलबन्दी बोलपत्र मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखामा दिनको २ बजे सम्बन्धित फर्मको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी बोलपत्र निर्धारित समयमा खोल्न कुनै बाधा पर्ने छैन ।

११. यसै सूचनाको दफा ४ बमोजिमका कागजात संलग्न नभएको, म्याद नाघी, रित नपुगी वा विभिन्न शर्तहरु उल्लेख गरिएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. बोलपत्र स्वीकृत गर्दा कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

१३. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही स्थान र समयमा हुनेछ ।

१४. शिलबन्दी बोलपत्र स्वीकृत भएमा स्वीकृत अंकको (मू.अ.कर समेत) ५% ले हुन आउने रकमको भौचर वा कम्तीमा एक वर्ष अवधि भएको परफरमेन्सवण्ड सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

१५. शिलबन्दी बोलपत्र स्वीकृत भएमा उल्लेखित सामानहरु चालु आर्थिक वर्षभरि पटक पटक गरी आवश्यकता अनुसार माग गरिनेछ । माग अनुसार सप्लाई गर्नु पर्ने सामानको प्रकृति हेरि तुरुन्तै वा बढीमा ७ (सात) दिनभित्र आपूर्ति गर्नु पर्नेछ । मन्त्रालयको आवश्यकता अनुसार सामानको परिमाण २५% सम्म थपघट हुन सक्नेछ । पटक पटक सप्लाई गरिएका सामानको भुक्तानी बजेट निकासाको स्थिति अनुसार पटक पटक हुनेछ ।

१६. यस शिलबन्दी बोलपत्रको सम्बन्धमा सूचनामा उल्लेखित कुराहरु एवं माथि उल्लेखित शर्तहरु लागू हुनेछ ।

१७. शिलबन्दी बोलपत्रदाताले पेश गरेको दरभाउ पत्र अनुसारको मालसामानहरु कार्यालयले चाहेमा नमूना पेश गर्न लगाउन सक्नेछ ।

१८. यसमा उल्लेखित बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

०७५।६।११

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना तथा विद्युतीय शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- *Website मा राखिदिनु हुन ।*